# नमूना प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्था छनोट र व्यवस्थापन कार्यविधि, २०८२

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

२०८२

**प्रस्तावना:** प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (टिभेट) क्षेत्रमा सेवा प्रवाहको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्ने, गुणस्तरीय प्राविधिक शिक्षाको माध्यमबाट सिकारुहरुमा श्रम प्रतिको सम्मान गर्ने स्वावलम्बी भावना जगाउने, काम प्रति प्रेरित गर्ने, स्व-आर्जन गर्दै प्राविधिक शिक्षा अध्ययन गर्ने र उद्यमशीलता विकास गरी आत्मनिर्भर बनाउने टिभेट प्रदायक शिक्षण संस्थाहरुको गुणस्तरीय शिक्षण वातावरण र रोजगार सृजना क्षमता, उत्कृष्ट कार्य सम्पादन, प्रभावकारी व्यवस्थापनका लागि मार्गदर्शक र प्रेरणाको स्रोतको रूपमा काम गर्ने नमूना शिक्षालय छनोट गरी मानकको रूपमा स्थापित गर्न वाञ्छनिय भएकाले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले प्रदान गरेको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "नमूना प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्था छनोट र व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "कार्यान्वयन समिति" भन्नाले नमूना टिभेट शिक्षण संस्थाको विकासको कार्यक्रम कार्यान्वयनका लागि दफा ७ बमोजिम गठित कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्छ।

(ख) "टिभेट शिक्षण संस्था" भन्नाले प्रदेश भित्रका प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने आङ्गिक शिक्षालय, साझेदारीमा सञ्चालित शिक्षालय, सामुदायिक माध्यमिक विद्यालय (प्राविधिक धार सञ्चालन भएको सामुदायिक माध्यमिक विद्यालय र TECS विद्यालय) तथा निजी स्वरुपमा सञ्चालित प्राविधिक शिक्षालय सम्झनु पर्छ र सो शब्दले शैक्षिक तथा तालिम कार्यक्रम सञ्चालन गर्ने अन्य कुनै संस्था वा निकायलाई समेत जनाउँछ।

(ग) "निर्देशक समिति" भन्नाले नमूना टिभेट शिक्षण संस्थाको नियमित सुपरीवेक्षण, नीतिगत सहयोग र निर्णय तथा समन्वयका लागि दफा ६ बमोजिम गठित निर्देशक समिति सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय सम्झनु पर्छ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

(ङ) "नमूना टिभेट शिक्षण संस्था" भन्नाले यो कर्यविधि बमोजिम छनौट भई तोकिएको अनसुारको भौतिक तथा शैक्षिक पूर्वाधार पुरा भएका टिभेट शिक्षण संस्था सम्झनु पर्छ ।

(च) "पाठ्यक्रम" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी स्वीकृत पाठ्यक्रम सम्झनु पर्छ।

(छ) "परियोजना" भन्नाले युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (QualiTY) परियोजना सम्झनु पर्छ।

(ज) "प्रशिक्षक" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रममा प्रशिक्षण दिने प्राविधिक सम्झनु पर्छ।

(झ) "प्रशिक्षण" भन्नाले प्राविधिक तथा व्यावसायिक विषयको सैद्धान्तिक तथा प्रयोगात्मक शिक्षण प्रकृया सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले बागमती प्रदेश अन्तर्गतका जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

(ठ) "स्व-मूल्यांकन" भन्नाले स्तर निर्धारण तथा प्रत्यायनका लागि स्वीकृत मापदण्ड तथा सूचकका आधारमा शिक्षण संस्थाले गर्ने आन्तरिक मूल्यांकन सम्झनु पर्छ।

## परिच्छेद – २

## उद्देश्य, संस्था छनोट प्रक्रिया र संरचनात्मक व्यवस्था

३. उद्देश्यः यस कार्यक्रमको उद्देश्य देहायनुसार रहेका छन्:-

(क) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थालाई प्रदेशको नमूना शिक्षण संस्थामा रुपान्तरण गरी मानकको रुपमा स्थापना गर्नु,

(ख) गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदान गर्न आवश्यक पर्ने सबै मापदण्डहरु पुरा गरी उदाहरणीय तथा नेतृत्वदायी संस्थाको रुपमा विकास गर्नु,

(ग) नमूना शिक्षण संस्था छनोटका मापदण्ड एवम् प्रक्रिया निर्धारण गर्नु।

४. टिभेट शिक्षण संस्थामध्ये दुई संस्थालाई नमुना शिक्षालयका रुपमा छनोट गरिनेः 'युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम' (क्वालिटी) परियोजनामा छनोट भएका शिक्षण संस्थाहरुले निर्देशनालयमा प्रस्ताव पेश गरेका, आङ्गिक शिक्षालय र साझेदारीमा सञ्चालित शिक्षालय मध्येबाट एक बटा र सामुदायिक विद्यालय (प्राविधिक धार सञ्चालन भएको सामुदायिक



मा. कान्चन चन्द्र बादे
मन्त्री

माध्यमिक विद्यालय र TECS विद्यालय) मध्येबाट एक वटा गरी जम्मा दुई वटा शिक्षण संस्थाहरू छनोट गरिनेछ।

५. <u>सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने:</u> (१) शिक्षण संस्थाको छनोटका लागि १५ दिनको म्याद दिई प्रस्तावका लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने र उक्त सूचना मन्त्रालय र निर्देशनालयको वेबसाइटमा समेत अपलोड गरिनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि यस मन्त्रालय अन्तर्गत सञ्चालित 'युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम' (क्वालिटी) परियोजनामा छनोट भएका आङ्गिक शिक्षालय, साझेदारीमा सञ्चालित शिक्षालय, र सामुदायिक विद्यालयहरु (प्राविधिक धार सञ्चालन भएको सामुदायिक माध्यमिक विद्यालय र TECS विद्यालय) ले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन फाराम भरी तोकिएको म्याद भित्र निर्देशनालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव पेश गर्ने टिभेट संस्थाहरुले देहाय बमोजिमको आधारहरु पूरा गरेको हुनु पर्नेछः-

(क) कार्यक्रम सञ्चालनका लागि प्रचलित कानून बमोजिम निर्धारित विद्यार्थी संख्याको कम्तीमा ३३ प्रतिशत विद्यार्थी भर्ना भएको,

(ख) प्रस्तावित कार्यक्रमको लागि आवश्यक पर्ने आधार र मापदण्ड दफा ९ को उपदफा १ अनुसार हुनुपर्ने,

(ग) आफ्नै जग्गा र भवनमा कार्यक्रमहरु सञ्चालन भएको,

(घ) शिक्षण संस्थाले सुधार योजना बनाई स्वीकृत गराएको,

(ङ) कार्यक्रम सञ्चालनका लागि व्यवस्थापन/सञ्चालन समितिको प्रतिवद्धता भएको,

(च) अन्य कुनै निकायबाट नमूनाको रुपमा छनोट नभएको भनी स्वःघोषणा पत्र पेश गर्नुपर्नेछ।

(४) अनुसूची-२ बमोजिमको मापदण्ड अनुसार उच्चतम प्राप्ताङ्कको आधारमा टिभेट शिक्षण संस्थाहरु छनोट गरिनेछ।

६. <u>निर्देशक समिति सम्बन्धी व्यवस्था:</u> (१) नमूना शिक्षण संस्थाको प्रभावकारी व्यवस्थापनका लागि नीतिगत मार्गदर्शन गर्नका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) सचिव, सामाजिक विकास मन्त्रालय - संयोजक

(ख) प्रमुख कार्यकारी निर्देशक, प्रदेश CTVET कार्यालय - सदस्य

(ग) निर्देशक, CTEVT बागमती प्रदेश कार्यालय - सदस्य

(घ) निर्देशक समितिबाट मनोनित उद्योग परिसंघ/उद्योग वाणिज्य महासंघको प्रतिनिधि- सदस्य

डा. कान्चन चन्द्र वादे
मन्त्री

(ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम हेर्ने महाशाखा प्रमुख, मन्त्रालय - सदस्य

(च) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(छ) महानिर्देशक, शिक्षा विकास निर्देशनालय - सदस्य-सचिव

(२) परियोजनका प्रदेश प्रमुख र अन्य विज्ञ व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नमूना शिक्षालयको लागि आवश्यक बजेट, कार्यक्रम तथा योजना तर्जुमा गर्ने गराउने

(ख) प्रचलित कानून बमोजिम नमूना शिक्षालय सञ्चालन सम्बन्धी निर्णय गरी कार्यान्वयन समितिलाई आवश्यक निर्देशन दिने,

(ग) नमूना शिक्षालयको अनुगमन गरी आवश्यकता पृष्ठपोषण गर्ने,

(घ) नमूना शिक्षालयको गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि आवश्यकतानुसार सम्बन्धित संस्थाहरुसँग समन्वय गर्ने।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

७. कार्यक्रम कार्यान्वयन समितिः (१) कार्यक्रम सञ्चालनका लागि निर्देशनालयमा प्राप्त भएका प्रस्तावहरुको छनोट गरी सिफारिस गर्न देहायबमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछः-

(क) महानिर्देशक, शिक्षा विकास निर्देशनालय - संयोजक

(ख) कार्यालय प्रमुख, प्रदेश CTVET कार्यालय - सदस्य

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम हेर्ने शाखा प्रमुख, मन्त्रालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, CTEVT बागमती प्रदेश कार्यालय - सदस्य

(ङ) अधिकृत, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय- सदस्य-सचिव

(२) सम्बन्धित क्षेत्रको विषयको विज्ञ एवम् सम्बन्धित परियोजनाको प्रबन्धकलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठक व्यवस्थापन सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्य सञ्चालन निर्देशिका अनुसार हुनेछ।

(४) बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

८. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ५ बमोजिमको सूचना प्रकाशन गर्ने,

(ख) टिभेट शिक्षण संस्थाको छनोट गर्दा निर्देशनालयमा प्रस्ताव पेश गरेका आङ्गिक शिक्षालय र साझेदारीमा सञ्चालित शिक्षालय मध्येबाट एक बटा र सामुदायिक (प्राविधिक धार सञ्चालन भएको सामुदायिक माध्यमिक विद्यालय र TECS विद्यालय) विद्यालय मध्येबाट एक बटा गरी जम्मा दुई बटा शिक्षण संस्थाहरू छनोट गर्ने,

(ग) दफा ९ को आधारमा शिक्षण सँस्थाहरु छनोट गरी अनुदान प्रदान गर्नको लागि निर्देशनालय समक्ष सिफारिस गर्ने,

(घ) नमूना शिक्षालयले प्रवाह गरेको सेवाहरूको अनुगमन तथा मूल्याङ्कन र समीक्षा गरी गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक सुझाव र पृष्ठपोषण दिने,

(ङ) नमूना शिक्षालयको समय-समयमा अनुगमन गरी आवश्यक निर्देशन दिने,

(च) निर्देशक समितिबाट प्राप्त भएको निर्देशन कार्यान्वयन गर्ने/गराउने,

## परिच्छेद – ३

## शिक्षण संस्था छनोटका आधार र प्रकिया

९. नमूना शिक्षण तथा तालिम प्रदायक संस्था छनोटका आधारः (१) प्रदेश भित्र सञ्चालन भएका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाको छनोट अनुसूची-२ को मापदण्ड बमोजिम हुनेछ। क्वालिटी परियोजना अन्तर्गत छनोटमा परी विगत देखि कार्यक्रम सञ्चालन भएको शिक्षण संस्थाले मात्र आवेदन दिन पाइनेछ।

(२) उपदफा (१) को आधारमा कार्यक्रम कार्यान्वयन समितिले दफा ५ बमोजिमको सूचनाबाट प्राप्त आवेदनहरु मध्येबाट नमूनाको रुपमा सञ्चालन गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्था छनोट गरी सिफारिस गर्नु पर्नेछ।

(३) कार्यक्रम कार्यन्वयन समितले नमूना शिक्षण संस्था छनोट गर्दा आङ्गिक शिक्षालय र साझेदारीमा सञ्चालित शिक्षालय मध्येबाट एक बटा र सामुदायिक (प्राविधिक धार सञ्चालन भएको सामुदायिक माध्यमिक विद्यालय तथा TECS विद्यालय) विद्यालय मध्येबाट एक बटा गरी जम्मा दुई बटा शिक्षण संस्थाहरू सिफारिस गर्नुपर्नेछ। गत आर्थिक बर्ष २०८१।०८२ मा छनोट भएको नमूना शिक्षालयलाई निरन्तर कार्यक्रम सञ्चालनका लागि संझौता गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१०. कार्यक्रमको सम्झौता एवम् अनुदान निकासाः (१) दफा ५ बमोजिमको मापदण्ड पूरा गरी कार्यक्रम कार्यान्वयन समितिबाट छनोटका लागि सिफारिस भएका सम्बन्धित शिक्षण संस्था र शिक्षा विकास निर्देशनालयबीच अनुसूची-३ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता हुनेछ।

मा.कान्चन चन्द्र बढे
मन्त्री

(२) सम्झौताको एक प्रति सम्बन्धित शैक्षिक संस्थामा र एक प्रति शिक्षा विकास निर्देशनालयमा रहनेछ।

(३) दफा ९ बमोजिम छनोट भई सम्झौता गरिएका संस्थाहरुलाई वार्षिक कार्यक्रममा स्वीकृत बजेट अनुदान बापत प्रति शिक्षालय रु. २०,००,०००।- (अक्षेरुपि बीस लाख रुपैंया मात्र) प्रदान गरिनेछ।

(४) स्वीकृत अनुदान बजेटको बढीमा ५० प्रतिशत पहिलो किस्ता बापत र प्रगति प्रतिवेदनको आधारमा बाँकी रकम निकासा गरिनेछ।

(५) अन्तिम किस्ता माग गर्दा प्रथम किस्ताको रकमबाट सञ्चालित कार्यक्रमको प्रगति प्रतिबेदन, खर्चको बिल भरपाईको प्रतिलिपि र सम्झौतामा तोकिएको शर्त बमोजिम कार्य सम्पन्न भएको व्यहोरा सहितको आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ।

(६) स्वीकृत भएको कार्यक्रम सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही सञ्चालन गर्नुपर्नेछ।योजनाको प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा दोस्रो किस्ता बापतको रकम निकासा हुने छैन ।

## परिच्छेद – ४

## नमूनाको रुपमा छनोट भएको संस्थाले गर्नुपर्ने कार्यक्रम

११. संस्थाले गर्ने कार्यहरु: नमूना शिक्षाण संस्थाको रुपमा छनोट भएको संस्थाले देहायनुसारको कार्यक्रम सञ्चालन गर्नु पर्दछः

(क) स्तर निर्धारणको मापदण्डहरूमा आधारित रही वार्षिक कार्ययोजना निर्माण गर्ने,

(ख) वार्षिक कार्य योजना तर्जुमा गरेर नियमित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने,

(ग) रणनीतिक योजनाको आधारमा वार्षिक योजनाहरू तयार गर्ने,

(घ) पर्यावरण मैत्री, लै.स.सा.स र संचार रणनीति सम्बन्धी कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(ङ) कर्मचारीहरुलाई व्यावसायिक सीप अभिवृद्धि (OSU) तालिम र अन्य प्रशिक्षण सम्बन्धी तालिमहरूमा सहभागी गराउने,

(च) प्रशिक्षक/प्रशिक्षार्थीहरूका लागि कार्यस्थल अध्ययन र अवलोकन तथा Job shadowing को व्यवस्थापन गर्ने,

(छ) रोजगार र छात्रवृत्तिको लागि उद्योग, व्यवसायी तथा रोजगार दाताहरूसँग सम्बन्ध विस्तार गर्ने,

(ज) स्थानीय सरकार र निजी क्षेत्रसँग रोजगार मेलाको लागि समन्वय र सहकार्य गरी सञ्चालन गर्ने,

(झ) सफल उद्योगी, व्यवसायी, पुर्व विद्यार्थी र TVET विज्ञहरुबाट उत्प्रेरणात्मक सत्रहरू (Motivational Sessions) सञ्चालन गर्ने,

(ञ) अतिरिक्त क्रियाकलाप (खेलकुद सप्ताह, वक्तृत्वकला, वादविवाद आदि) को योजना निर्माण तथा कार्यान्वयन गर्ने,

(ट) वित्तिय व्यवस्थापन लगायत अन्य आवश्यक सफ्टवेयरहरूको खरीद तथा अद्यावधिक गर्ने,

(ठ) रोजगार सेवा इकाई र उत्पादन इकाई स्थापना/सुदृढिकरण गर्ने,

(ड) विद्युतीय हाजिरी प्रणाली स्थापना गर्ने,

(ढ) वेबसाइट निर्माण/अद्यावधिक गर्ने,

(ण) कक्षाकोठा, प्रयोगशाला सुधार गर्ने,

(त) प्रविधिमैत्री शिक्षण सँस्थाको रुपमा विकास गर्ने,

(थ) मेसिन, उपकरण औजार खरिद तथा व्यवस्थापन गर्ने,

(द) प्रयोगशालामा मेसिन, उपकरण एवम् औजार मर्मत सम्भार तथा Labeling गर्ने,

(ध) कार्यरत कर्मचारीहरूको ToR तयार गर्ने,

(न) कार्यक्रमको पाठयोजना पुस्तिका निर्माण गर्ने,

(प) पुर्व विद्यार्थी संजाल गठन तथा सुदृढिकरण गर्ने,

(फ) वृत्ति मार्ग निर्देशन सेवा तथा मनोसामाजिक परामर्श सेवा संचालन गर्ने,

(ब) नवप्रवर्तन सिकाइको लागि योजना निर्माण तथा कार्यान्वयन गर्ने,

(भ) ट्रेसर स्टडी (शिक्षार्थीको लम्बिय अध्ययन) गर्ने,

(म) श्रम बजार अध्ययन गरी नयाँ पेशाहरू पहिचान गर्ने,

मा. कन्चन चन्द्र बादे
मन्त्री

(य) गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालनका मापदण्ड तथा सूचकहरु पुरा गर्ने,

(र) नमूना शिक्षालयहरुले वार्षिक प्रगति प्रतिवेदन तयार गरी निर्देशनालयमा पेश गर्ने।

१२. अनुगमन तथा मुल्यांकन: (१)कार्यक्रमको अनुगमन तथा मूल्यांकन मन्त्रालय, निर्देशनालय, प्रदेश सिटिईभीटी र सीटीइभिटी बागमती प्रदेश कार्यालयबाट हुनेछ।

(१) अनुगमन पश्चात सम्बन्धित निकायले आवश्यक पृष्ठपोषण तथा निर्देशन दिनु पर्नेछ। सोको कार्यान्वयन गरी समग्र कार्यक्रमको प्रतिवेदन सम्बन्धित संस्थाबाट पेश गर्नुपर्नेछ।

## परिच्छेद- ५

## विविध

१३. लेखा तथा लेखापरीक्षण: शिक्षण संस्थाले कार्यक्रमको लेखा नेपाल सरकारको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ र लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

१४. कार्यविधिमा संशोधन: (१) यस कार्यविधिमा संशोधन गर्नु परेमा आर्थिक विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई र अन्यको हकमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानहरु नेपाल कानून वा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म यो कार्यविधिको प्रावधान अमान्य हुनेछ।

१५. आवश्यक व्यवस्था मिलाउन सक्ने: यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा मन्त्रालयले आवश्यक व्यावस्था मिलाउन सक्नेछ।

मा. कन्चन चन्द्र वादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची १

(दफा ५ (२) सँग सम्बन्धित)

## नमूना शिक्षण संस्था छनोटका लागि पेस गर्ने आवेदन फाराम

१. शिक्षण संस्थाको विवरण

नामः...........................................................................................

प्रकारः सिटीईभीटी को आंगिक शिक्षालय/साझेदारी/प्राविधिक धार/टेक्स कार्यक्रम सञ्चालित विद्यालय

ठेगानाः

प्रदेशः......................................... जिल्लाः.............................

स्थानीय तहः.................................. वडा नः............................

टोलः.......................................

फोन नं.:....................................

इमेलः........................................... वेव साइटः...........................

स्थापना मितिः................................ विद्यालयको IEMIS कोडः............................

प्राविधिक शिक्षा सञ्चालन मिति : ..............................

२.पूर्वाधार सम्बन्धी जानकारी

२.१ जग्गा सम्बन्धी विवरण

| क्र.सं. | कित्ता नं | क्षेत्रफल | जग्गाको स्वामित्व | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |

२.२ भवन सम्बन्धी विवरण

| क्र.सं. | भवन संख्या | | कोठा संख्या | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | पक्की | | | | |
| २ | कच्ची | | | | |

मा.कन्चन चन्द्र बादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

२.३ यन्त्र उपकरण सम्बन्धी विवरण

| क.सं. | यन्त्र उपकरणको नाम | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रयोगमा रहेको | प्रयोगमा नरहेको | | |
| | | | प्रयोगमा ल्याउन सकिने | प्रयोगमा ल्याउन नसकिने | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

२.४ अस्थायी संरचना सम्बन्धी विवरण (पोखरी, टहरा, गोठ, कटेज, खोर, स्टल, वर्कसप आदि)

| क.सं. | विवरण | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

द्रष्टव्यः विवरण अन्तरगत आवश्यकता अनुसार कोठा थप गर्न सकिनेछ ।

३.शिक्षक/प्रशिक्षक कर्मचारी सम्बन्धी विवरण

| क.सं. | नाम | तह/श्रेणी | शैक्षिक योग्यता | शिक्षण/प्रशिक्षण कार्यको अनुभव (वर्ष) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

४. विद्यार्थी सम्बन्धी विवरण (पछिल्लो दुई शैक्षिक सत्र)

| क. सं. | जम्मा विद्यार्थी विवरण | शैक्षिक सत्र...................... | | शैक्षिक सत्र.......................... | |
|---|---|---|---|---|---|
| | | भर्ना संख्या | अन्तिम परीक्षामा सहभागी | भर्ना संख्या | अन्तिम परीक्षामा सहभागी |
| १ | | | | | |

| क्र. सं. | जम्मा विद्यार्थी विवरण | शैक्षिक सत्र..................... | | शैक्षिक सत्र......................... | |
|---|---|---|---|---|---|
| | | भर्ना संख्या | अन्तिम परीक्षामा सहभागी | भर्ना संख्या | अन्तिम परीक्षामा सहभागी |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |

५. विद्यालयले नमूना संस्था बनाउनका लागि गर्ने प्रमुख कार्यक्रमहरु समेटिएको प्रस्ताव

प्रस्तावको ढाँचा

क. लक्ष्य

ख. उद्देश्य

ग. हाल सञ्चालित कार्यक्रमहरुको विवरण:

घ. वार्षिक कार्ययोजना तथा बजेट:

नाम............................
हस्ताक्षर
पद: प्रमुख/प्र.अ.
मिति:............................

नाम............................
हस्ताक्षर
पद :
मिति:............................

मा. कान्छन चन्द्र बादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

**संलग्न कागजात:**

क. कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा सञ्चालन/व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि,

ख. कार्यरत शिक्षक/प्रशिक्षकहरुको शैक्षिक योग्यता सहितको विवरण,

ग. विद्यालयको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा वा भोगाधिकार प्राप्त प्रमाण वा लिजमा प्रयोग गर्ने भए सम्झौतापत्रको प्रतिलिपि,

घ. प्रस्तावमा उल्लेख गरिएका विवरणहरुको पुष्टी हुने थप आवश्यक कागजातको प्रमाणित प्रतिलिपि,

ङ. यस कार्यको लागि अन्य कुनै पनि निकायबाट अनुदान नलिइएको विद्यालयको स्वःघोषणा पत्र,

च. शिक्षण संस्था सुधार योजना

छ. अन्य सम्बद्ध कागजातहरु ।

मा. कान्चन चन्द्र बाँदे
मन्त्री

अनुसूची -२

(दफा ५ को उपदफा (४) र दफा ९ को (१) सँग सम्बन्धित)

संस्था छनोटका लागि मूल्याङ्कनका आधारहरु

## १. विद्यार्थीको भर्ना विवरणः २०

| क.स. | आधारहरु | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | तोकिएको क्षमतामा ७५% भन्दा बढी विद्यार्थी भर्नादर भएको | २० | |
| २ | तोकिएको क्षमतामा ५०% देखि माथि ७५% भन्दा कम विद्यार्थी भर्नादर भएको | १८ | |
| ३ | तोकिएको क्षमतामा भर्नादर ३३% भन्दा माथि ५० % भन्दा कम भएको | १५ | |

## २. प्राविधिक कार्यक्रमहरुको सञ्चालनः १५

| क.स. | आधारहरु | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | संस्थाले हाल २ भन्दा बढी प्राविधिक कार्यक्रम सञ्चालन गरेको | १५ | |
| २ | संस्थाले हाल २ मात्र प्राविधिक कार्यक्रम सञ्चालन गरेको | १२ | |
| ३ | संस्थाले हाल १ मात्र प्राविधिक कार्यक्रम सञ्चालन गरेको | १० | |

## ३. भौतिक पूर्वाधारसँग सम्बन्धित सूचकहरुः २०

| क.स. | आधारहरु | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | हाल सञ्चालनमा रहेका कार्यक्रमहरूको सञ्चालनका लागि आवश्यक जग्गा, भवन, कक्षाकोठा र कार्यशाला पर्याप्त रूपमा उपलब्ध भएमा | २० | |
| २ | हाल सञ्चालनमा रहेका कार्यक्रमहरू सञ्चालन गर्न सकिने न्यूनतम भौतिक पूर्वाधार मात्र उपलब्ध भएमा | १८ | |

## ४. छोटो अवधिको सीपमूलक तालिम सञ्चालनः १५

| क.स. | आधारहरु | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | संस्थाले पछिल्लो १ वर्षमा २ भन्दा बढी छोटो अवधिको सीपमूलक तालिम सञ्चालन गरेको | १५ | |
| २ | संस्थाले पछिल्लो १ वर्षमा २ मात्र छोटो अवधिको सीपमूलक तालिम सञ्चालन गरेको | १२ | |
| ३ | संस्थाले पछिल्लो १ वर्षमा १ मात्र छोटो अवधिको सीपमूलक तालिम सञ्चालन गरेको | १० | |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

४. शैक्षिक पूर्वाधारसँग सम्बन्धित सूचकहरु : १५

| क.स. | आधारहरु | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | हाल सञ्चालनमा रहेका कार्यक्रमहरूको सञ्चालनका लागि आवश्यक ल्याव, मेशिन, औजार तथा उपकरण पर्याप्त रूपमा उपलब्ध भएमा | १५ | |
| २ | हाल सञ्चालनमा रहेका कार्यक्रमहरू सञ्चालन गर्न सकिने न्यूनतम ल्याव, मेशिन, औजार तथा उपकरण उपलब्ध रहेको | १२ | |

५. शिक्षण सँस्था रहेको स्थानीय तहः ५

| क.स. | आधारहरु | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकामा सञ्चालन भएमा | ५ | |
| २ | नगरपालिकामा सञ्चालन भएमा | ३ | |
| ३ | महानगर/उपमहानगरपालिकामा सञ्चालन भएमा | २ | |

६. अन्य सूचकहरुः १०

| क.स. | आधारहरु | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन भएको | ४ | |
| २ | सीप प्रमाणीकरण केन्द्रको रहेको | ४ | |
| ३ | रोजगार सेवा केन्द्र सञ्चालन भएको | २ | |
| | जम्मा | १० | |

मा. कन्चन चन्द्र बादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसुची -३

(दफा १० को उपदफा १ सँग सम्बन्धित)

### शिक्षा विकास निर्देशनालय र शिक्षणसंस्था बिचको सम्झौतापत्र

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा (यसपछि प्रथम पक्ष भनिएको) र ..................... जिल्ला,........................... महानगर/उपमहानगर/नगर/गाउँपालिका ............ वडा नं. .......... मा सञ्चालित श्री ........................................ (यसपछि द्वितीय पक्ष भनिएको) बिच नमूना संस्थाको कार्यक्रम सञ्चालनका लागि तपसिलका सर्तहरू पालना गर्ने गरी यो सम्झौता गरी दियौं/लियौं ।

**क. प्रथम पक्षले पालना गर्नुपर्ने सर्तहरू :**

१. प्रस्ताव अनुसारको कार्यक्रम सञ्चालन गर्न दुई किस्तामा अधिकतम रू .................. /- (अक्षरूपी .................. मात्र) सम्म मात्र खातामा तोकिए अनुसार अनुदान दिइनेछ ।

२. कार्यक्रमको कुल बजेटको ५० प्रतिशतले हुन आउने रकम सम्झौता पश्चात् संस्थाको खातामा निकासा दिइनेछ। बाँकी ५० प्रतिशतसम्मको रकम बिल भरपाईबमोजिम कार्य सम्पन्न गरेपछि सम्बन्धित संस्थाको खातामा निकासा दिइनेछ ।

३. दोस्रो पक्षले तोकिएको सर्तअनुसारको प्रकृया पूरा गरी कागजात पेस गरेपछि प्रथम पक्षले अन्तिम किस्ता अनुदान रकम सम्बन्धित विद्यालयको खातामा निकासा दिनेछ ।

४. दोस्रो पक्षले तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्ष अन्तिम किस्ता रकम निकासा दिन बाध्य हुने छैन र पहिले निकासा भएको ५० प्रतिशत रकम शिक्षा विकास निर्देशनालयमा फिर्ता गर्नु पर्नेछ ।

५. सम्झौता विपरीत कार्य गरेको पाइएमा, कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा पनि यो सम्झौता रद्द गरी दोस्रो पक्षलाई दिइएको अनुदान रकम सरकारी बाँकीसरह असुल उपर गर्नेछ ।

**ख. दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरूः**

१. शिक्षण संस्था ले ..................................भित्र कार्य सम्पन्न गरी दोस्रो किस्ता माग गर्न आवश्यक कागजात सहित शिक्षा विकास निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

२. शिक्षणसंस्था ले कामको सम्झौता भए पश्चात कार्य प्रारम्भ गर्नु पर्नेछ ।

३. शिक्षण संस्था ले बजेटको सिमाभित्र रही कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने पूँजीगत प्रकृतिका सामग्रीहरु सम्बन्धित विषयका प्राविधिकबाट तयार गर्न र आयआर्जन हुने खालका पूर्वाधार निर्माण गर्न स्थानीय तहका प्राविधिकबाट तयार गर्न लगाई व्यवस्थापन समितिबाट अनुमोदन गराई खरिद तथा निर्माण गर्नु पर्नेछ ।

डा. कान्चन चन्द्र वादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

४. शिक्षण संस्था ले कार्यक्रम सञ्चालन गर्दा प्रथम पक्षबाट निकासा भएको रकम नपुग हुन गएमा सो नपुग रकम व्यवस्थापन गर्ने जिम्मेवारी विद्यालयकै हुनेछ ।

५. शिक्षण संस्था ले कार्य सम्पन्न गर्दा गरेको सम्पूर्ण कामको रकम कार्य सम्पन्न प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

६. शिक्षण संस्था ले कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

७. सम्बन्धित स्थानीय तह र अन्य सरोकारवाला कार्यालयहरूबाट समेत अनुगमन/निरीक्षण हुन सक्ने हुँदा शिक्षालय/विद्यालयले सो कार्यको अभिलेख अध्यावधिक राख्ने र खोजेको बेला देखाउन सक्ने व्यवस्था गर्नुपर्नेछ ।

८. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजानिक निर्माण तथा खरिदसम्बन्धी प्रचलित ऐन, निमय (संशोधनसहितको सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४) तथा कार्यविधि अनुसार गर्नु गराउनु पर्नेछ ।

९. कार्य सम्पन्न भइसकेपछि सो सम्बन्धी सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्यसमेत स्वतः विद्यालयको नै हुनेछ ।

१०. अन्तिम किस्ता माग गर्दा निम्न कागजातहरू लिई आउनु पर्नेछ :

क. सम्झौताअनुसार कार्य सम्पन्न भई विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूको स्टाफ बैठकले ............................विषयका सामाग्रीहरु खरिद भएको/पूर्वाधार निर्माण भई व्यवस्थापन भएको भनी निर्णय गरेको निर्णय प्रतिलिपि,

ख. संस्था/कम्पनीले पेश गरेको कोटेशनहरुको प्रतिलिपि र मूल्याङ्कन तालिका,

ग. लागत अनुमान स्पेसिफिकेसन अनुसारको कार्य विवरण खोली सो अनुसार व्यवस्थापन समेत भएको भन्ने निर्णय, अनुगमन समितिको प्रतिवेदन र समष्टित प्रतिवेदन,

घ. प्रिन्सिपल/प्रध्यानाध्यापकबाट प्रमाणित बिल भरपाईको प्रतिलिपि,

ङ. निर्माण तथा खरिद गरी प्रयोग गरिएका सामानको फोटोहरू,

च. सामान खरिदको हकमा जिन्सी दाखिला र दाखिला प्रतिवेदन,

छ. कार्य सम्पन्न भएको प्रमाणित प्रतिवेदन ।

**सम्झौता गर्ने व्यक्तिहरू**

पहिलो पक्षः शिक्षा विकास निर्देशनालयको तर्फबाटः

१. महानिर्देशकको नामः

हस्ताक्षरः ........................

दोस्रो पक्षः शिक्षण संस्था को तर्फबाटः

१ प्रिन्सिपल/प्रधानाध्यापकको नामः

हस्ताक्षर ........................

मा. कन्चन चन्द्र बादे
मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

रोहवर

| शिक्षा विकास निर्देशनालयको तर्फबाट | शिक्षण संस्था को तर्फबाट |
| --- | --- |
| नाम: | नाम: |
| पद: | पद: |
| हस्ताक्षर: ........................ | हस्ताक्षर: ........................ |

मिति:

मा. कन्चन चन्द्र वादे
मन्त्री